# नौकुण्ड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सारमथली, रसुवा, बागमती प्रदेश, नेपाल

पत्र:
चलानं:

मितिः २०७८/०२/३०

सूचना ! सूचना !! सूचना !!!

राष्ट्रपति महिला उत्थान कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना
दोस्रो पटक सूचना प्रकाशन मिति : २०७८।०२।३०

नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ. व. २०७७।०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम नौकुण्ड गाउँपालिकाबाट सञ्चालन गरिने हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुले च्याउ खेती सम्वन्धि कार्यक्रमको अवधारणापत्र र व्यावसायिक योजना सहित प्रस्ताव राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन सम्बन्धि मापदण्ड २०७७ को अनुसूची २ वमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ०६ दिन(२०७८।०३।०४) भित्रमा नौकुण्ड गाउँपालिकाको महिला विकाश शाखामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैमा सुचित गरिन्छ ।

प्रस्तावका साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :

- संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण।
- प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिलिपी,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायवाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
- कालोसूचीमा नपरेको र प्रचलित कानून वमोजिम अयोग्य नरहेको स्वःघोषणा,
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

विस्तृत जानकारीको लागी :

नौकुण्ड गाउँकार्यपालिकाको कार्यालयको वेभ साइट http://www.naukundamun.gov.np सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
सम्पर्क न. ९८०३१३०१४०

नोट : कोरोना कहरका कारण मिति २०७७।०१।२३ देखि ३० सम्म कार्यालय बन्द भएको हुनाले पुनः सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

नेत्रराज गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email: naukundagaunpalika@gmail.com, Website: ww.naukundamun.gov.np